आज मिति २०८२।०८।१२ गते बिहानको ८:०० बजे गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको १४६ औ (आ.व.२०८२/८३ को सातौं) बैठक गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना साकारज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिकाको बैठक कक्षमा बस्यो। उपस्थिती र निर्णय देहाय बमोजिम रहेको छ।

| सि.न. | पदाधिकारीज्यूहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोपमान गुरुङ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री यम बहादुर थापा | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री राजुबाबु भण्डारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री पहलमान बयालकोटी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री तुल बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कोकील बहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ती माया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी बागदास | कार्यपालिका सदस्य | |
| १६ | श्री अ माया राना | कार्यपालिका सदस्य | अ माया। |
| १७ | श्री भुवन चापागाई | सचिव (प्र.प्र.अ.) | |

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुस्लिमचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

## निर्णयहरु

**प्रस्ताव नं १ : पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा ।**

**निर्णय नं १ :** गाउँ कार्यपालिकाको १४५ औं बैठकबाट पारित निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा आजको यस बैठकमा समिक्षात्मक छलफल भई जानकारी भयो । उक्त सम्बन्धमा, गाउँपालिकाबाट गरिने विकास तथा सेवा प्रवाहको कार्यलाई छिटो छरितो, गुणस्तरीय तथा प्रभावकारी तवरले अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं २ : योजना कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं २ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिका भित्र सञ्चालन हुने एवं भईरहेका विभिन्न योजनाहरुको कार्यान्वयन सन्दर्भमा यस बैठकमा प्रस्तुत भई छलफल भयो । सो सन्दर्भमा योजना सम्झौतालाई छिटो सम्पन्न गर्दै कार्यान्वयन प्रक्रियालाई प्रभावकारी तवरले अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं ३ : विविध ।**

**निर्णय नं ३.१ : नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा:** उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय पोखराद्वारा चालु आ.व. २०८२/८३ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना सो सम्बन्धी निर्देशिका यस बैठकमा प्रस्तुत भई छलफल भयो । सो सम्बन्धमा उल्लेखित कार्यक्रम कार्यान्वयनको लागि गण्डकी गाउँपलिकाको तर्फबाट "पशुपालन प्रवर्द्धन कार्यक्रम" को अवधारणापत्र एवं प्रस्ताव पेश गर्ने र गाउँपालिकाबाट नियमानुसार व्यहोर्नुपर्ने लागत साझेदारी गर्ने प्रतिवद्धता जनाउने निर्णय गरियो । साथै कार्यक्रम कार्यान्वयनको लागि सम्पर्क व्यक्तिको रुपमा पशु चिकित्सक माधव काफ्लेलाई तोक्ने निर्णय गरियो ।

यस कार्यक्रम कार्यान्वयनको लागि तपसिल बमोजिमको नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

| | |
|---|---|
| अध्यक्ष गण्डकी गा.पा. | अध्यक्ष |
| उपाध्यक्ष गण्डकी गा.पा. | सदस्य |
| प्र प्र अ | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य |
| श्री योजना शाखा प्रमुख | सदस्य सचिव |

**३.२ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको कार्यसूचि स्वीकृति सम्बन्धमा:** गण्डकी गाउँपालिका वडा नं ६ स्थित कौदी-पल्लोटार सडक खण्ड (२ किमि) आयोजना नयाँ ट्र्याक खोली निर्माण गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया अघि बढाउन सो को कार्यसुचि एवं गण्डकी गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ४८

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
२०७३

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुग्लिनचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष

को उपदफा ३(१) बमोजिम गठित समितिले गरेको सिफारिस समेत यस बैठकमा प्रस्तुत एवं छलफल भयो । सो सम्बन्धमा पेश भएको कार्यसूचि स्वीकृत गर्ने निर्णय गरियो ।

**३.३ राष्ट्रपति रनिङशिल्ड तथा अध्यक्षकप फुटबल प्रतियोगिताको अपुग रकम व्यवस्थापन सम्बन्धमा:** गण्डकी गाउँपालिकाको वडा नं १ को मकैसिङमा सञ्चालन भएको राष्ट्रपति रनिङशिल्ड तथा अध्यक्षकप फुटबल प्रतियोगितामा लागेको खर्च सम्बन्धमा यस कार्यपालिकामा प्रस्तुत भई छलफल भयो । सो सम्बन्धमा सम्पन्न भएको पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड तथा अध्यक्षकप फुटबल प्रतियोगितामा लागेको खर्चमध्ये अपुग रकम र आगामी महिनामा सञ्चालन हुने जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको लागि लाग्ने अनुमानित खर्च समेत गरी कुल सात लाख रुपैयाँ बार्षिक बजेट किताबको सि नं २८ को निर्मित सार्वजनिक/सरकारी सम्पत्तीको मर्मत सम्भार खर्च शिर्षकबाट रकमान्तर गरि खर्च गर्ने र सो को अनुमोदनको लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**३.४ मेडिकल अधिकृतको प्रोत्साहन भत्ता सम्बन्धमा:** गण्डकी गाउँपालिकाको मकैसिङ प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृतले ५० प्रतिशत प्रोत्साहन भत्ता पाइरहेकोमा निजको डार्करुम सञ्चालन सम्बन्धी जिम्मेवारी थप हुने अवस्था सिर्जना भएकोले प्रदान गरिरहेको प्रोत्साहनको अतिरिक्त प्रतिएक्सरे रु दुई सय रुपैया प्रोत्साहन थप गर्ने निर्णय गरियो ।

**३.५ औषधि खरिदबाट बाकी रकम व्यवस्थापन सम्बन्धमा:** गण्डकी गाउँपालिकाले विनियोजित भएको औषधि खरिद तथा ढुवानी सम्बन्धित शिर्षकबाट टेन्डर गरि औषधि खरिद गरिएकोमा सो खरिद गरि बाँकी रहेको रकमबाट अत्यावश्यक अन्य औषधी एवं सर्जिकल सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो ।

**३.६ बैकल्पिक मोटरबाटो सिउरेनीटार फिस्लिङ हुँदै रबर उद्योगको समस्या सम्बन्धमा:** गण्डकी गाउँपालिकामा प्रदेश सरकारमार्फत सञ्चालन भईरहेको सिउरेनीटार फिस्लिङ हुँदै रबर उद्योग पुग्ने योजना कार्यान्वयन अवस्था सन्दर्भमा यस बैठकमा प्रस्तुत भई छलफल भयो । सो योजना कार्यान्वयन सन्दर्भमा उत्पन्न भएका समस्याहरुको विषयमा छलफल गर्न प्रमुख जिल्ला अधिकारी, प्रमुख समन्वय अधिकारी लगायतलाई आमन्त्रण गरि गाउँपालिकाको टिम सहित वडा नं ८ सिउरेनीटारमा यसै महिनाभित्र अन्तरक्रिया कार्यक्रम आयोजना निर्णय गरियो ।

**३.७ विद्यालय व्यवस्थापन समिति सम्बन्धमा:** गण्डकी गाउँपालिका भित्रका सामुदायिक एवं धार्मिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भईसकेको अवस्थामा सो को नयाँ व्यवस्थापन समिति गठन प्रक्रिया मंसिर मसान्तभित्र सम्पन्न गर्न विद्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

**३.८ उत्पादनमा आधारित अनुदान प्रणाली (सफ्टवेयर) लागू गर्ने सम्बन्धमा:** गण्डकी गाउँपालिकामा सञ्चालित उत्पादनमा आधारित अनुदान कार्यक्रमको नियमन एवं व्यवस्थापनको लागि सफ्टवेयर निर्माण गरिसकिएकोमा सो को पूर्ण कार्यान्वयन पुष १ गतेबाट गर्ने निर्णय गरियो ।

**३.९ आयठेक्का सम्झौताको म्याद थप गर्ने सम्बन्धमा:** गण्डकी गाउँपालिकाको त्रिशुली नदी अन्तर्गतका घाटहरुको ठेक्का आवेदन परी सम्झौताको लागि बोलाइएकोमा सो ले सम्झौता म्याद थप गर्नको लागि निवेदन दिएकोले सो को सम्झौता गर्ने म्याद २०८२/०८/१९ गते सम्मको लागि थप गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुग्लिनचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

दिपक तिमिल्सिना (साकार)
अध्यक्ष